# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

लालबन्दी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालबन्दी, सर्लाही प्रदेश नं. २, नेपाल

मिति : २०७६/१२/१२

## स्पष्ट पारिएको ।

चैत ४ गते फ्रान्सबाट कतारको दोहा हुँदै नेपाल आएकी युवतीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएसँगै हाल विभिन्न सञ्चार माध्यमहरूबाट उक्त युवती सवार विमानमा यस नगरपालिका स्थित वडा नं. १७ का एकै परिवारका ४ जना समेत सवार भई आएको भन्ने गलत र भ्रामक सूचना प्रवाह भई रहेकोमा उक्त व्यहोराको खण्डन गर्दै संक्रमित युवती सवार विमान स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अध्यागमन विभागले जनाए अनुसार कतार एयरवेजको 'क्यू.आर. ६५२' रहेको र सँगै आएको भनिएको परिवार सवार विमान कतार एयरवेजकै 'क्यू.आर. ६५०' भएको हुँदा अलग-अलग विमान र समय भएको पुष्टि भईसकेको छ । तथ्य र प्रमाण वेगर यस्ता किसिमका गलत सूचना प्रवाह गरी भ्रम फैल्याउने कार्य नगरिदिनु हुन सम्बन्धित सञ्चार माध्यम र पत्रकार मित्रहरूलाई अनुरोध गरिन्छ ।

साथै संक्रमण भएको देशबाट आएको पाईएकोले उक्त परिवार हाल नगरपालिकाको प्रत्यक्ष निगरानीमा सेल्फ क्वारेन्टाईनमा रहनुका साथै वहाँहरूमा कुनै किसिमको स्वास्थ्य समस्या र संक्रमणको लक्षणहरू नदेखिएको समेत प्रष्ट पारिन्छ ।

- **यस नगपालिका अन्तर्गत COVID-19 सम्बन्धी कुनै स्वास्थ्य समस्या र व्यवस्थापनको लागि COVID-19 फोकल पर्सन सुरेन्द्र खतिवडाको सम्पर्क नं. ९८४१०८४३४५ मा र COVID-19 सम्बन्धी नगरपालिकाको आधिकारिक सूचना र जानकारीको लागि मिडिया फोकल पर्सन कोमलहरि गौतमको सम्पर्क नं. ९८५४०५०५५५ मा सम्पर्क गर्न सकिने छ ।**

बासुदेव तिमल्सिना
प्रमुख प्रशासकीय अधिकृत